# राज्यव्यवस्था–विभागको विज्ञप्ति

पत्रसंख्या– माव ४२ (२क) ।१२–१३ मिति १२–१–१५–५ मा

अर्को सूचना नआएसम्म देहायमा लेखिएका कर्मचारीहरूलाई आफ्ना
आफ्ना विभागबाट देहायमा लेखिएका विभागमा काज गरी काम गर्न लगाउने
अस्थायी प्रबन्ध गरिदिनू भन्ने निर्णय भएको भनी श्री ५ महाराजाधिराजको
प्रिन्सिपल सेक्रेटरीले लेखी पठाउनुभएकोले सूचना गरिएको छ। यो पत्र पाउनासाथ
आफू छुटिएको विभागमा गई साविकसँग जो बुझ्नुपर्ने ऐन सवालबमोजिम बुझी
ली अर्को आडर नपाएसम्म कायम मुकायम भई ऐन सवाल आडरबमोजिम काम
काज गर्नुहोला।

१. का. मु. अर्थ-सेक्रेटरी भूद्यानन्दलाई का. मु. सेक्रेटरी हुनुभन्दा पहले अर्थ-
विभागमा निजले गरी आएको काममा लगाउने गरी गृह-सेक्रेटरी श्री
नीरराजलाई का. मु. अर्थ-सेक्रेटरी।

२. एकाउन्टेन्ट जेनेरल स. मानबहादुरको ठाउँमा डे. आ. ज. मी. सु. गोपाल-
बहादुरलाई कायम मुकायम गरी ए. ज. स. श्री. मानबहादुरलाई गृहविभा-
गको का. मु. सेक्रेटरी।

३. प. व. संचारविभागका सेक्रेटरी टंकप्रसादलाई स्थानीय स्वायत्त शासनविभागको
कायम मुकायम सेक्रेटरी गरी प. व. संचारविभागमा रक्षाविभागको डे.
से. वेदप्रसाद लोहनीलाई कायम मुकायम सेक्रेटरी।

आज्ञाले—
माणिकलाल.
का.मु. सेक्रेटरी—— राज्यव्यवस्था–विभाग

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विश्वमान जोशी.

340

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।